

# आगलागी खतरा श्रेणीकरणहरु परिवर्तन भएका छन्

## आगलागी खतरा श्रेणीकरण थाहा पाउनाले तपाईको ज्यान बचाउन सक्छ

आगलागी खतरा श्रेणीकरणहरु अब सरल र सजिलो तरीकाले बुझिन्छ। सम्पतिहरु र ज्यानहरु बचाउन, सवैभन्दा नयाँ विज्ञान तथा प्रविधि प्रयोग गरेर उनीहरुले अझ बढी प्रष्ट र सही श्रेणिकरण प्रदान गर्दछन्।

यदि आगलागी सुरु भएको खण्डमा, आगलागी खतरा श्रेणीकरणहरुले आगलागीको परिणामहरुको सङ्केत तपाईलाई दिन्छ।

जति उच्च श्रेणीकरण हुन्छ, त्यति नै धेरै खतरनाक अवस्थाहरु हुनेछ।

## तपाईले के थाहा पाउन आवश्यक हुन्छ

आगलागी खतरा श्रेणीकरणहरुका चार तहहरु हुन्छन् जुन निम्न छन्:




### मध्यम

**योजना बनाउनुहोस् र तयार गर्नुहोस्।**

**धेरैजसो आगलागीहरुलाई नियन्त्रण गर्न सकिन्छ**

- सवै जानकारी लिनुहोस् र यदि आगलागी भएमा के गर्ने भनी कदम चाल्न तयार रहनुहोस्।

### उच्च

**के गर्ने भनी कदम चाल्न  तयार रहनुहोस्।**

**आगलागीहरु खतरनाक हुन सक्छन्।**

- त्यहाँ उच्च जोखिम छ। तपाईको क्षेत्रमा आगलागीहरु हुन्छ कि भनी चनाखो रहनुहोस्।
- आगलागी सुरु भएमा तपाईले के गर्नु हुनेछ भनी निर्णय गर्नुहोस्।
- यदि आगलागी सुरु भएमा, तपाईको ज्यान र सम्पति जोखिममा पर्न सक्छ।
- सुरक्षित  विकल्प भनेको बुश आगलागी जोखिम क्षेत्रहरुबाट जोगिनु हो।

### चरम

**तपाईको ज्यान र सम्पतिलाई बचाउन अहिले नै कदम चाल्नुहोस्।**

**आगलागीहरु छिट्टै फैलिने छ र अत्यन्तै खतरनाक हुन्छ**

- यी भनेका खतरनाक आगलागीका अवस्थाहरु हुन्।
- तपाईको बुश आगलागी योजना र आगलागी भइहाले पनि सम्पतिलाई सुरक्षित पारिएको छ भनी चेक गर्नुहोस्।
- यदि आगलागी सुरु भएमा,  तुरुन्तै  कदम चाल्नुहोस्। यदि तपाई र तपाईको सम्पति उच्च तहको लागि तयारी अवस्थामा नभएमा, आगलागीको प्रभावहरु पर्नु अघि नै सुरक्षित स्थानमा जानुहोस्।
- बुश आगलागी जोखिम क्षेत्रहरुमा यात्रा गर्नु अघि पुनर्विचार गर्नुहोस्।

### विनाशकारी

**तपाईको जीवन रक्षाको लागि बुश आगलागी जोखिम क्षेत्रहरु छाडेर जानुहोस्।**

**यदि आगलागी सुरु भएर र फैलिन थालेमा, ज्यानहरु गुम्न सक्ने हुनसक्छ।**

- यी भनेका आगलागीको लागि सवैभन्दा खतरनाक अवस्थाहरु हुन्।
- तपाईको ज्यान, आगलागी हुनु अघि नै तपाईले गर्ने निर्णयहरुमा भर पर्न सक्छ।
- सुरक्षित स्थानमा विहान सवेरै वा अघिल्लो रातमै गएर सुरक्षित रहनुहोस्।
- यस्ता अवस्थाहरुमा घरहरु आगलागीबाट बच्न  सक्दैनन्। तपाईले छोडेर जान सक्नु हुन्न र सहायता उपलब्ध नहुन सक्छ।

थप जानकरीको लागि **fire.tas.gov.au** मा हेर्नुहोस्

Tasmania Fire Service

# आगलागी खतरा श्रेणिकरणहरु बुझ्नु पर्दा

यदि आगलागी सुरु भएको खण्डमा, आगलागी खतरा श्रेणिकरणहरुले आगलागीका परिणामहरु बताउँछ। तिनीहरुले आगलागी हुने सङ्केत बताउँछ भन्ने सामान्य गलत धारणा भए पनि खासमा त्यस्तो सम्भावनाको सङ्केत गर्दैनन्।

आगलागी क्षेत्रको लागि आगलागी खतरा श्रेणिकरणहरुको घोषणा गरिन्छ। यी स्थानीय सरकारी क्षेत्रहरुको आधारमा गरिन्छ। तपाईले तपाईको आगलागी क्षेत्र fire.tas.gov.au/fire-danger-rating/ मा खोज्न सक्नुहुन्छ।

मौसम भविष्यबाणी र आगलागी गराउन बल पुर्याउने वनस्पति बारेको जानकारी प्रयोग गरेर श्रेणिकरणहरुको लेखाजोखा गरिन्छ।

आगलागी खतरा जब उच्चमा पुग्छ, आगो बाल्ने अनुमति निलम्बन हुन सक्नेछ। तपाईको आगो बाल्ने अनुमतिको लागि कुनै पनि सर्तहरु चेक गर्नुहोस्।

चरम र त्यसभन्दा माथिका लागि पूर्ण आगलागी प्रतिबन्ध सामान्यतया लागू हुनेछ।

तपाईको बुश आगलागीबाट बच्ने योजनामा कारवाही अघि बढाउनको लागि, आगलागी खतरा श्रेणिकरणहरुलाई ट्रिगर (खास कारण) को रुपमा तपाईले प्रयोग गर्न सक्नुहुन्छ।

## तपाईको क्षेत्रमा निम्न तरिका अपनाएर तपाईले आगलागी खतरा श्रेणिकरण तपाईको क्षेत्रमा खोज्न सक्नुहुन्छ:

- सि एफ एस (TFS) को वेबसाइट fire.tas.gov.au/fire-danger-rating/ मा हेरेर
- तपाईको स्थानीय समाचार सुनेर
- इन्फर्मेशन हटलाईनको 1800 000 699 मा फोन गरेर

## थप जानकारीको लागि

टी एफ एस (TFS) वेबसाइट **fire.tas.gov.au**

फेसबुक **Tasmania Fire Service**

स्थानीय ए बि सी (ABC) रेडियो

**TasALERT**

Tasmania Fire Service